कानुनी साक्षरता शृंखला-2

# कुरा मिल्यो

## गर्भधारण एवम् प्रसवपूर्व निदान तकनीक ( लिंग चयन निषेध ) अधिनियम 1994, संशोधित अधिनियम 2003



साक्षर भारत

राज्य स्रोत केन्द्र असम
राष्ट्रिय साक्षरता मिसन प्राधिकरण
मानव संसाधन विकाश मन्त्रालय
भारत सरकार

न्याय विभाग
विधि तथा न्याय मन्त्रालय
भारत सरकार

**ASSAM STATE LEGAL SERVICES AUTHORITY**
1ST FLOOR, GAUHATI HIGH COURT, OLD BLOCK
GUWAHATI - 781001, ASSAM
PHONE : 0361 - 2516367, FAX : 0361 - 2601543
অসম ৰাজ্যিক আইন সেৱা প্ৰাধিকাৰী
গুৱাহাটী - ৭৮১০০১

No. ASLSA-38/2014/60 Dated: Guwahati the 29th April '2016

To
The Director,
State Resource Centre - Assam,
1- CD, Mandovi Apartments,
GNB Road, Ambari, Guwahati-781001
(Assam)

**Sub:** VETTING OF IEC MATERIALS ON LEGAL LITERACY COMPONENTS.

Ref.: Your letter no. SRC/170/97/654-56 dated 21.03.2016.

Dear Sir,

In inviting a reference to the subject as cited above, undersigned has the honor to state that the vetting of the IEC materials on legal literacy components in Nepali Language have been completed and are being returned herewith after minor modifications in sentence/word structuring and are shown in ink/pencil markings.

Rest of the IEC materials in Bengali language are also being carried out and are likely to be ready on or before 5th May'2016.

With best regards

Yours faithfully

Mridul K Saikia 29/4/2016
(Mridul Kr. Saikia)
Member Secretary i/c
Assam State Legal Services Authority

Encl:
As stated above.

04
30/4/16

# कुरा मिल्यो

## गर्भधारण एवम् प्रसवपूर्व निदान तकनीक ( लिंग चयन निषेध )
## अधिनियम 1994, संशोधित अधिनियम 2003

### कानुनी साक्षरता शृंखला-2

साक्षर भारत

**राज्य स्रोत केन्द्र असम**
**राष्ट्रिय साक्षरता मिसन प्राधिकरण**
**मानव संसाधन विकास मन्त्रालय**
**भारत सरकार**

सत्यमेव जयते

**न्याय विभाग**
**विधि तथा न्याय मन्त्रालय**
**भारत सरकार**

**Kura Milyoo :** This book is based on legal awareness for the neoliterates on Pre-conception and Pre-Natal; Diagnostic Techniques Act 1994. This book is prepared by National Literacy Mission Authority and Department of Justice, Govt. of India, New Delhi. This book is translated and published by State Resource Centre Assam, 1-CD, Mandovi Apartments, GNB Road, Ambari, Guwahati-781001 (Assam)

March 2016 (1000)

| | | |
|---|---|---|
| मूल पुस्तक | : | और बात बन गई |
| पुस्तक तयार पार्ने कार्यशालामा सहयागीहरू | : | सन्तोष नेवार, सतीश कुमार थिङ्ग, भक्त प्रसाद ढकाल, रितम कुमार प्रधान |
| भारत सरकार न्याय विभाग विधि तथा न्याय मन्त्रालयको तर्फनबाट कार्यशालामा उपस्थित अधिकारीहरू | : | राजेश देउली, योजना अधिकारी, अङ्शुल सक्सेना, योजना अधिकारी, गोविन्द वैश्य, राज्य संयोजक |
| प्रथम प्रकाशन | : | मार्च 2016 (1000) |
| प्रकाशक | : | राज्य स्रोत केन्द्र असम, माण्डवी एपार्टमेन्ट्स, जी एन बी रोड, आमबारी, गुवाहाटी–781001 |
| सम्पादन | : | अनुराधा बरूवा, प्रसन्न कुमार कलिता |
| मुद्रक | : | शराईघाट अफचेट प्राईभेट लिमिटेड बामुणीमेदाम, गुवाहाटी–21 |

# आभार

साक्षर भारत कार्यक्रम सितम्बर 2009 मा सुरू गरियो। कार्यक्रम अन्तर्गत देशको निम्न महिला साक्षरता दर 410 जिल्लाहरूमा सन्मिलित गरियो। साक्षर भारत कार्यक्रमको केन्द्र बिन्दु ग्रामीण इलाकाका महिलाहरू, अनुसूचित जाति, अनुसूचित जनजाति वर्ग औ अल्पसंख्यक समुदाय हो। कार्यक्रममा बुनियादी साक्षरताको साथै समतुल्यता कार्यक्रम, कौशल विकास औ शत-प्रतिशत शिक्षालाई जोडिएको छ।

साक्षरताले शिक्षार्थीहरूको दैनिक जीवनसंग अधिक जोडिएको औ रोचक बनाउने उद्देश्यले इन्टरपर्सनल मीडिया प्रचार प्रारंभ गरिसकेको छ। प्रचारमा जुन प्रमुख विषयहरू समावेश गरिएको थियो छ त्यसमध्ये कानुनी साक्षरता पनि एउटा प्रमुख विषय हो।

कानुनी साक्षरताको विषयमा सबैलाई जानकारी उपलब्ध गराउन कानुनी साक्षरता शृङ्खलाको निर्माण गरिएको छ। भारत सरकारको मानव संसाधन विकास मन्त्रालयको अधीनको राष्ट्रीय साक्षरता मिसन प्राधिकरण र विधि तथा न्याय मन्त्रालय (न्याय विभाग) को मातहतमा गुवाहाटीमा आयोजित कार्यशालामा असम (असमीया भाषा), त्रिपुरा (बाङ्ला भाषा)र सिक्किम (नेपाली भाषा) का विशेषज्ञ, लेखक तथा राज्य कानुनी सेवा प्राधिकारणको सहयोगमा कानुनी साक्षरता सामग्री तयार पारिएको हो।

कानुनी साक्षरता सामग्रीको निर्माणमा न्याय विभाग, न्याय मंत्रालय: भारत सरकार औ (A2J NE & JK) प्रकल्प प्रबन्धन समूहद्वारा तकनिकी सहयोग प्रदान गरिएको सामग्रीको अनुमोदन न्याय विभाग, न्याय मंत्रालय भारत सरकारद्धारा गरिन्छ। राष्ट्रिय साक्षरता मिशन प्राधिकरण सबै संस्था र विभागहरूप्रति आभार व्यक्त गर्दछ। आशा गरिन्छ यी सामग्री कानुनी साक्षरताप्रति जनसाधरणमा कानुनी जागरूकता ल्याउन सफल हुनेछ।

राष्ट्रिय साक्षरता मिशन प्राधिकरण
मानव संसाधन विकास मंत्रालय, नई दिल्ली

# हाम्रा दुई कुरा

स्रोत केन्द्र असमले थी पुस्तिकाहरू नेपालीमा अनुवाद गरेर प्रकाशन गर्ने व्यवस्था गरेको छ। गुवाहाटीमा आयोजित लेख तयारी कार्यशालामा थी पुस्तिकाहरू नेपालीमा अनुवाद गरिएको छ। अनुदित पुस्तिकाहरू असम राज्य कानुनी सेवा प्राधिकरणाद्वारा अनुमोदित भएका छन्। यसै अवसरमा कार्यशालामा सहभागी प्रत्येक व्यक्तिलाई धन्यवाद ज्ञापन गरिन्छ। आशा छ थी पुस्तिकाहरूलाई पाठकले स्वागत गर्ने।

समीरण ब्रह्म
निदेशक
राज्य स्रोत केन्द्र

# कुरा मिल्यो

सिक्किम राज्यको उत्तरजिल्ला अन्तर्गत कवितिन्दा खण्डमा पर्ने फुदुङ गाउँमा डोमा र पेमा नाम गरेका दुई जना अती मिल्ने साथि थिए दुवै जना सँगै स्कुल पढ़दै ठुला भए। केही दिनपछि डोमाको बिहे हुने तय भयो। आफ्नो मिल्ने साथीको बिहेको कुराले पेमा खुशी पनि थिई साथै दुखी पनि थिई। दुवै जना एक आपसमा टाड़ा हुन गईरहेका



थिए। दुवै जनालाई बिछोड़को पीडाले सताईरहेको थियो। केही दिनपछि डोमाको बिहे भयो। जब डोमा माइत घर आउँदथी तब पेमासँग उसले लामो समयसम्म कुराकानी गर्थी। डोमा आफ्नो घर परिवारको कुरा गर्थी भने पेमा गाउँको खेत बारीका कुराहरु सुनाउँथिई।

वर्ष दिनपछि डोमा आफ्नो जाँच गर्नको निम्ती माईत घर आई। यस पल्ट ऊ निकै दिन माइतमा बस्नेवाला थिई। यो कुरा सुनेर पेमा अति नै खुसी भई। ऊ सधैं डोमालाई भेट्न



आउँथी। केही दिनपछि डोमाले एउटी राम्री छोरीलाई जन्म दिई। यो खबर सुनेर डोमाको ससुरालीका सदस्यहरु अलिकति दुखी थिए तर पेमा खुसी थिई। उसले आफै लड्डू बनाएर अस्पताल लिएर गई। आफ्नै हातले सबैलाई मिठाई खुवाई। यो देखेर पेमाकी आमाले डोमालाई भनिन् ‘‘डोमा तिमी बिना पेमा सारै उदास हुन्छे। तिसित भेट हुँदा उसको अनुहारमी खुसले उज्यालो हुन्छ। कुनै एक राम्रो



केटा हेरेर यसलाई पनि आफ्नै गाउँ लिएर जानु अनि एकै साथ खुशीसँग बस्नु।"

भाग्यवश पेमाको पनि बिहे डोमाको बिहे भएको गाउँमा हुने तय भयो। यो कुराले दुवै जनाको खुसीको सीमा रहेन। तर यो खुसी धेरै दिन रहन सकेन। पेमाको घरमा पूरा पाबन्दी थियो उसलाई कसैसंग भेट्नको लागि बाहिर जाने अनुमती थिएन। पेमा त डोमासँग भेट गर्नको लागि तडपिनु पर्थ्यो।

एक दिन पेमा अनि डोमाको भेट अचानक मन्दिरमा भयो। यही मन्दिरमा तय भयो कि हरेक बिहीबारको दिन मन्दिरमा भेटन आउने भनेर। तब देखि दुवै जना बिहीवारको इंतजार गर्थेर यसरी नै दुवै जना प्रत्येक विहीवार मन्दिरमा भेटेर धेरै कुराहरु गर्थे।

एक बिहीबार बेलुकी दुवै जना मन्दिरमा भेट गरे। तर यस पटक दुवै जना अलिकती दुःखी थिए। सधैंको जस्तो उनीहरुको अनुहारमा खुसी थिएन। मन्दिरको सींडीमा बसेर डोमाले भनी "तिमीसित केही कुरा गर्नु छ पेमा।"

"मेरो मनमा पनि एउटा पीड़ा छ, डोमा।" पेमाले भनी।

"पीड़ा ? कस्तो पीड़ा ? भनन।"

"होइन, पहिला तिमी आफ्नो मनको कुरा भन ?"

"होइन, तिम्रो पीड़ा पहिला निवारण गर्नु छ। तिमी बताऊ।"

"अरे यसरी पहिला पहिलामा त घर जाने समय हुन्छ। ठीक छ म नै भन्छु। डोमा, चार पाँच दिन पहिला म एकदम



खुसी थिएँ। जब मलाई थाहा भयो कि म आमा हुनेवाला छु। यो कुरा थाहा पाएर प्यारो नानीको तसवीर मैले सपनामा देखीरहेँ। अब त मेरी सासू आमा मलाई डाक्टरकोमा जाँच गराउन लागि लिएर जाने कुरा छ। मेरो सासू आमाले मलाई भन्नु हुन्छ कि पहिलो नानी त छोरा नै हुनु पर्छ। मलाई थाहा छ लिंगको जाँच गराउनु गलत हो। मलाई याद छ डाक्टर मैडमले केही वर्ष अगाडि स्कुलमा बताउनु भएको थियो कि गर्भको लिंग जाँच गराउनु कानुनी अपराध हो भनेर, तर म कसरी भनूँ? के गरूँ? तिमीनै बताऊ।'' पेमाले आफ्नो मनको कुरा डोमाअगाड़ी राखी।

डोमाले केश कन्याउँदै भनी ''हे भगवान। यही कुरा त मेरो मनमा थियो।

जुन कुरा म भन्नु चाहन्थेँ। याद छ, मेरी छोरी हुँदा मेरा घरका सबै जना मसित दुखी भएका थिए। केही दिनसम्म मेरो खिल्ली गरीरहे अनि लिंग जाँच गर्नु पर्छ भन्न थाले। मलाई पूरा डर लागिरहेको छ। छोरी भयो भने? के म त्यस गलत

कामको लागि तैयार हुनु। मैडमले भन्नु भएको थियो कि यो अपराध हो। म अपराधी बन्दिनँ पेमा !" पेमाले हिम्मत देखाउँदै भनी – "होइन डोमा, चाहे जे पनि होस्, म कुनै पनि गलत काम गर्ने छुइनँ। सहरबाट महिला डाक्टर हरेक सोमवारको दिन आउनु हुन्छ हाम्रो परिवारकाहरुले त्यही दिन लिएर जान्छन्। केही सोच कसरी बाँच्नु यो पापबाट।"



दुवै जना केही बेर चुपचाप सोच्न थाले। फेरि डोमाले पेमाको कानमा सुटुक्क भनी। “हामी एक होइन दुई जना छौं, हिम्मत राख” अनि दुवै जना आफ्नो आफ्नो घर गए।

सोमवारको दिन डोमालाई लिएर उसकी सासू अस्पताल गई। डोमा बाहिर बैंचमा बसेर पेमाको इंतजार गर्न थाली। केही बेरमा पेमाकी सासू पनि पेमालाई लिएर अस्पताल गई। केही बेरमा डाक्टर मैडम पनि आउनु भयो। डाक्टरलाई देखेर दुवै जना अचम्म माने। उनै डाक्टर मैडम उनीहरुको स्कुलमा आएकी थिइन्। दुवै जानाले एकअर्काको हात थिचेर सर्तक भए। अब त बात बनियो। आफ्नो नम्बर आउनभन्दा अगाडि उनीहरुको अनुहारबाट डर हराएर गयो। अब दुवै जना हाँसीरहेका थिए।

जाँच गराउँदा सासू सँगै थिई। यसकारण पेमा केही पनि बोल्न पाइन। तर जब डोमाले डाक्टरसंग आफ्नो कुरा बताउने मौका पाई उसले सारा कुरा डाक्टरलाई भनी। डाक्टरले डोमालाई सांत्वना दिदै चुपचाप बस्ने इशारा गरिन्। सासूले

डाक्टरलाई बिस्तारैसँग गर्भ जाँच गर्न भनी। डाक्टरले सासूको कुरालाई मानिनन्। डाक्टरले पेमाकी सासूलाई पनि बोलाईन्। फेरि दुवै सासूलाई सँगै राखेर बिस्तारसँग सम्झाइन्। "सन्तान छोरा होस् या छोरी यो सबै भगवानले नै तय गर्छन्। गर्भमा लिंगको जाँच गर्नु अथवा गराउनु कानुनी अपराध हो। यस्तो गर्नाले तपाई साथसाथै मलाई पनि सजाय हुनसक्छ।" भित्र डाक्टरले डोमा र पेमाकी सासू आमालाई सम्झाउँदै थिइन्। बाहिर दुवै जना साथीहरु अंगालो हालेर खुसी आदान प्रदान गरीरहेका थिए। उनिहरुको आँखामा खुसीको आँसु थियो।

## गर्भधारण एवम् प्रसव पूर्व निदान तकनीक ( लिंग चयन निषेध ) अधिनियम 1994 व संशोधित 2003

केही बर्ष पहिला गर्भमा भ्रूणको जाँच गर्ने तकनीक विकसित भयो। यो तकनीक गर्भको शारीरिक, मानसिक अपांगता हटाउनका लागि उपयोगी छ। यसले भ्रूणको जाँच गरेर रोगको उपचार पनि गर्न सकिन्छ।

तर यो तकनीकको गलत उपयोग हुन थाल्यो। मानिसहरु यसको उपयोगबाट गर्भमा रहेको शिशुको लिंगको जाँच गराउन थाले। यदि जाँचमा छोरी भएको थाहा पाए डाक्टरसँग मिलेर गर्भपात जस्तो अपराध गर्न थाले। छोराको अनुपातमा छोरीको संख्या छिटोछिटो घट्न थाल्यो।

घट्दै गरेको लिंग अनुपात र तकनीकको दुरुपयोगलाई रोक्नको लागि भारत सरकारले एउटा अधिनियम बनायो। यो गर्भधारण एवम् प्रसव पूर्व निदान तकनीक (लिंग चयन निषेध) अनिधनियम 1994 एवम् संशोधित 2003 भनिन्छ। यसको अन्तर्गत कुनै पनि प्रयोगशाला जाँच केन्द्र अथवा

क्लीनिकले गर्भावस्थामा शिशुको लिंग जान्नका लागि कुनै पनि प्रकारको जाँच गर्न सक्दैन। यो अधिनियम अनुसार केही विशेष स्थितिमा मात्र जाँच गराउन सकिन्छ।

**निम्न स्थितिमा भ्रूणको जाँच गराउनु मात्र कानुनी मानिन्छ।**

* गर्भमा शिशुको गुणसूत्र (क्रोमोसोम) को अनियमितता भएमा।
* गर्भवती महिलाको दुई वा अधिक पटक अचानक गर्भपात भएको भए।
* गर्भवती महिलाको उमेर 35 वर्ष भन्दा धेरै भएमा।
* गर्भवती महिलाले कुनै यस्तो औषधि खाएमा वा जाँच गराएमा जसले शिशुको शारीरिक साथै मानसिक अपांगता हुनसक्छ।
* गर्भवती महिला एवम् उसको पतिको परिवारमा मानसिक अथवा शारीरिक अपांगताको इतिहास रहेको छ। कुनै पनि आनुवांशिक रोग होस्।

## अधिनियमको अनुसार सजाय

* यदि कुनै मान्छेले आफ्नो खुसीले अथवा कसैको दबावमा आएर गर्भमा भएको भ्रूणको लिंगको पत्तो लगाउँछ उसलाई अपराधी भनिन्छ। यो अपराधको सजाय 3 सालको कैद एवम् रू 10,000 जरिमाना अथवा दुवै सजाय हुन सक्छ।
* लिंगको जाँच गर्ने व्यक्ति अथवा जाँच केन्द्रको मालिकलाई पनि सजाय हुन्छ। यो सजाय 3 सालको कैद साथै रु 10,000 जरिमाना एवम् दुवै हुनु सक्छ।
* अपराध दोश्रो पल्ट भएको खण्डमा अपराधीलाई 5 सालको कैद एवम् रु 50,000 जरिमाना हुन सक्छ।
* जाँच गरेपछि यदि डाक्टर अथवा कम्पाउण्डरले लिंग बँताउछन् भने त्यो अधिनियमको उल्लंघन मानिन्छ। यसको लागि उनलाई सजाय पनि हुनु सक्छ।
* डाक्टरद्वारा यो अपराध भएमा 5 वर्षको लागि डाक्टरको पंजीकरण रद्द गरिन्छ। यही अपराध दोस्रोपटक गरे

सधैंको लागि डाक्टरको पंजीयन रद्द गरेर त्यो डाक्टरको नाम डाक्टर सूचीबाट हटाई दिने छ।

* लिंग जाँचको विज्ञापन दिनु पनि अपराध मानिन्छ। यससँग सम्बधित विज्ञापन दिने व्यक्ति अथवा केन्द्रलाई तीन सालको कैद एवम् रु 10,000 जरिमाना लाग्न सक्छ।

## एम.टी.पी एक्ट 1971 ( गर्भको चिकित्सकीय समापन )

* लिंग जांच अनि यसपछि गर्भपात गराउनु दंडनीय अपराध हो। तर केही स्थितिमा गर्भपात गराउनु कानुनी वैध छ।
* यो स्थिति एम.टी.पी. एक्ट 1971 (मेडिकल टर्मिनेशन अफ प्रेगनेन्सी एक्ट) को अनुरूप हुनु पर्छ। यो अधिनियमको अन्तर्गत केवल गर्भावस्थाको 12 सप्ताह भित्र गर्भपात गराउन सकिन्छ। निम्न स्थितिहरुमा मात्र।
  - गर्भावस्थाको कारणले गर्दा आमाको ज्यानलाई खतरा छ भने।

- बलात्कारको कारण गर्दा गर्भ बस्यो भने।
- परिवार नियोजनको कुनै साधन असफल भएर गर्भ बस्यो भने।
- यदि शिशु अपांग छ भने।

* गर्भपात गर्भावस्थाको 12 सप्ताहको भित्र गर्नु पर्छ। विशेष अवस्थामा दुई डाक्टरहरुको सुझाव लिएर 20 सप्ताहसम्मको गर्भलाई पनि गर्भपात गराउन सकिन्छ। गर्भ बसेको पाँच महीनापछि गर्भपात गराउनु सकिंदैन।

## हामी के गर्न सक्छौं

* हामी आफ्नो परिवारको कुनै पनि सदस्यको गर्भको शिशुको लिंगको जाँच नगराऔं।

  आफ्ना सम्बन्धी, साथी, छिमेकीलाई पनि लिंगको जाँच र्गनबाट रोकौं।

* तपाईंले आफ्नो वरिपरि कोही पनि महिला लिंगको जाँचको डरले भयभीत भएको भेटे तुरून्त सहायता गर्नु पर्छ।

* डाक्टरले पनि यो संकल्प गरुन् कि उनले कन्या भ्रूण हत्या जस्तो अपराध कहिल्यै गर्ने छैनन्।

* यदि तपाईंको वरिपरि यस्तो घटना भएको देख्नु भयो भने तुरून्त स्वास्थ्य विभागलाई सूचना दिनुहोस्।

* समूहमा चर्चा गेरर हाम्रो समाजले छोरीप्रति गरिने व्यवहारमा परिवर्तन गर्नु पर्छ।

* ग्राम सभामा छोरीहरुलाई बँचाउनुको निम्ति सबैलाई संकल्प गराऔं।

* आफ्नो गाउँमा सभा डाकेर गाउँका सबै मानिसहरुलाई कन्या भ्रूण हत्या रोक्ने बारेमा जागरुक अथवा जनचेतना जगाउनु पर्छ।

* किशोरीहरुलाई जागरूक गराएर भावी जीवनमा कहिल्यै पनि लिंगको जाँच जस्तो कानुनी अपराध नगर्ने संकल्प लिऔं।

# <u>प्रकाशित पुस्तिकाहरू</u>

१) आँखा खुल्यो

२) कुरा मिल्यो

३) मायाको पाठशाला

४) मर्यदाको प्रश्न

५) सुचनाको अधिकार ऐन 2005

६) आशाको करिण

७) अब कोही णोको नरहोस

८) अत्याचारको अन्त

९) रमेशले न्याय पायो

१०) हाम्रो जंगल हाम्रे धरोहर

११) भारत सरकारका प्रमुख योजनाहरू

Saakshar Bharat

STATE RESOURCE CENTRE ASSAM
1-CD, Mandovi Apartments, GNB Road
Ambari, Guwahati-781001
E-mail-srcassam@hotmail.com
A2J (NE&JK)
Copies .......